# Ⅵ　बच्चाको जन्म, बच्चाको, पोषण, शिक्षा

## Ⅵ-1　बच्चाको जन्म

### 1.　जब गर्भवती बन्नुहुन्छ

गर्भवती भएपछि आफ्नो नगरपालिका कार्यलयमा गई आफु गर्भवती रहेको निबेदन दिएमा तपाइलाई आमा र बाल स्वास्थ्य पुस्तिका जारी गरिनेछ। यो पुस्तिकामा , को बेला देखि बच्च्चा 7 बर्ष को हुदा सम्म दिइने खोप को बिबरण आदि लेखिने महत्वपूर्ण कागजात हो। कुनै कुनै नगपालिका हरुले येस पुस्तिका बिदेशी भाषा पनि अनुवाद गरेका छन्।

आमा र बाल स्वास्थ्य पुस्तिकाको अंग्रेजी, चीनिया, पोर्तुगाली, स्पेनिश, कोरियाल, थाई, इन्डोनेसियाली, फिलिपिन्स, भियतनामी अनुवाद जाईदान होजिन एईसेइ कैनक्यु खाई हाक्कोउ अथवा तलको लिंक बाट श-शुल्क लिन सकिन्छ।

जाईदान होजिन एईसेइ कैनक्यु खाई हाक्कोउ URL　http://www.mcfh.or.jp

**मुख्य कार्यालय** ☎03-4334-1151　**पश्चिम जापान सचिवालय** ☎06-6941-4651

### 2.　**लागत**

सामान्यतया गर्भावस्था बिरामी भएको नमानिने हुदा बिमाले काम गर्दैन। त्यसको सत्ता बिमा सस्था बाट गर्भावस्था खर्चको लागि **420,000** येन पाइन्छ। जापान मा यदि केस नर्मल भएको खण्डमा **4 -5** दिन अस्पतालमा आमालाई भर्ना गर्ने गरिन्छ।सामान्यतया बच्चा जन्माउदा **400,000 - 500,000** येन लाग्छ तर अस्पताल आनुसार पनि खर्च तल माथि हुने हुदा सतर्क रहनु होला।बिमा सस्था बाट प्राप्त हुने **420,000** येन सिदै अस्पताललाई जाने ब्यबस्था मिलाउन सकिन्छ अनि त्यसो गरेमा सुरुमा आफुले ठुलो रकम तिर्ने समस्याबाट पनि मुक्त भईन्छ। यदि तपाई राष्ट्रिय स्वास्थ्य बीमामा हुनु हुन्छ भने गर्भावस्था खर्चको प्रोसेस नगरपालिका को कार्यलय बाट गर्न सक्नुहुनेछ। (परिशिष्ट Ⅸ－１)

यदि तपाई आर्थिक समस्यामा हुनु हुन्छ अनि आर्थिक भार घटाउन अस्पताल जाने क्षमता नभएमा, स्वस्थ्य रुपमा बच्चा जन्माउन ज्योसान सिसेचुमा भर्ना हुने अथवा बच्चा जन्माउन आर्थिक सहयोगकोलागि आबेदन दिन सकिन्छ। बिस्रित जानाकारीको लागि नगपालिकाको कल्याण सेक्शन या बिमा कल्याण सेक्शनमा संपर्क गर्नु होला। यदि तपाइको कमाई धेरै छ भने लाग्ने खर्च आफै तिर्नु पर्ने पनि हुन सक्छ।

### 3.　गर्भावस्थाको समयमा सहयोग

को समयमा नियमित चेक अपको लागी अस्पताल गई राख्नु पर्छ। नगरपालिका आनुसार कुनै कुनैमा को समयमा निशुल्क स्वास्थ चेक अपको पनि ब्यबस्था हुन्छ। तेसैले येस्तै प्रकारका सुभिधाको बारे थप बुज्नको लागि आफुनो नगरपालिकाको बिमा सेन्टरमा संपर्क गर्नुहोस (परिशिष्ट Ⅸ－３）।

## 4. बच्चाको जन्म




(1) जन्म प्रमाणपत्र

हस्पिटलमा बच्चा जन्मी सकेपछि डाक्टर र नर्स बाट बच्चाको जन्म प्रमाणपत्र पाइन्छ। यदि बच्चाको बाबा र आमा दुवै बिदेशी हुनु हुन्छ भने, बच्चा जन्मेको 14 दिन भित्र आफ्नो नगरपालिकामा जन्म दर्ता गराई सक्नू पर्छ। यदि 14 दिन भित्र दर्ता नगरिएमा बच्चा बच्चाले इमर्जेन्सी बासिन्दाको रुपमा गनिने छ। यदि बच्चा बिदेशी पासपोर्ट भएको खण्डमा नगरपालिका कार्यलय बाट जन्म दर्ता प्रमाणपत्र लिनु पर्छ र तेस्को आधारमा आफ्नो जापानमा भएको राजदुताबास मार्फत आफ्नो देशमा पनि जन्म दर्ता गराउनु होस् ।

(2) जापानी नागरिकता नभएका बच्चाहरूको लागि

यदि तपाइँका अभिभावकहरू विदेशी हुन् र बच्चाको जापानी नागरिकता छैन भने, तपाइँले " जापान को निवास अनुमति " को लागि अध्यागमन ब्यूरोमा बच्चा जन्मेको 30 दिन भित्र निबेदन दिनु पर्छ।